# गैरआवासीय नेपाली संघ
# अध्यक्षको मासिक प्रतिवेदन, मे २०२३

'नेपालीका लागि नेपाली' भन्ने मुलमन्त्रलाई थप बलियो बनाई गैरआवासीय नेपाली संघको अभियान लाई प्रभावकारी बनाउने अभियान जारी छ । यसै शिलशिलामा गैरआवासीय नेपालीले सन् २००३ देखि उठाउँदै आएको 'गैरआवासीय नेपाली नागरिकता' को माग सम्बोधन भएको छ । जसलाई हामीले ऐतिहासिक उपलब्धिको रुपमा लिएका छौँ । यसका साथै नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमा गैरआवासीय नेपालीहरुका कतिपय सरोकार तथा मागहरुलाई समेत सम्बोधन गरेको छ । यो वास्वतकै खुशीको विषय हो । संघले नेपाल र नेपालीलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसै शिलशिलामा मे-महिनामा महत्वपूर्ण गतिविधि सम्पन्न भएका छन् । उक्त गतिविधिको सारांश यहाँहरु समक्ष प्रस्तुत गर्दछौं ।

- मे ५, ६ र ७, २०२३ मा चेक रिपब्लिकको राजधानी प्रागमा भव्य रुपमा सम्पन्न गैरआवासीय नेपाली संघ (एनआरएनए) को १५ औं क्षेत्रीय सम्मेलनमा कार्यकारी अध्यक्ष डा बद्री केसी र अध्यक्ष कुल आचार्य सहितका पदाधिकारीको सहभागीता रह्यो । ३ दिनसम्म चलेको सम्मेलनमा प्रमुख अतिथिको रुपमा माननीय परराष्ट्रमन्त्री नारायण प्रकाश (एन पी) साउद, विशिष्ट अतिथिकोरुपमा संविधानसभाका अध्यक्ष माननीय सुवास नेम्वाङ, नेपाली कांग्रेसको संसदीय दलका प्रमुख सचेतक माननीय रमेश लेखक, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद माननीय मनिष झा, नेकपा माओवादीका नेता तथा संविधानसभाका सदस्य खिमलाल देवकोटा लगायतको विशेष उपस्थिति थियो । विश्वका ३९ देशका करिब ३ सय प्रतिनिधिहरु सहभागी भएको सम्मेलनमा उपस्थित प्रतिनिधिहरुको सुझावका आधारमा प्राग घोषणापत्र जारी गरिएको छ ।

- मे १२ देखि १८, २०२३ मा गैरआवासीय नेपाली संघकी अध्यक्ष रबिना थापाले जापानको भ्रमण गर्नुभयो। उक्त अवसरमा त्यहाँस्थित गैरआवासीय नेपालीहरुसँग अन्तरक्रिया गर्नुका साथै, एनआरएनए जापानको सदस्यता वितरण लगायतमा छलफल गर्नुभयो । एनआरएनए जापानले टोकयोमा आयोजना गरेको स्वागत कार्यक्रमसहित, मोना जापान, कास्की पोखरा समाज , कीगं लाऊन्ज , सिसा लाऊन्ज लगायतले आयोजना गरेको कार्यक्रममा अध्यक्ष थापा सहभागी रहनुभयो ।

- १५ मे २०२३ मा श्री विनोद कुवँर समूहलाई संघको ट्रेडमार्क प्रमाणपत्र दर्ता रहेको लोगो र लेटरहेड प्रयोग नगर्नको लागि कार्यकारी अध्यक्ष डा बद्री केसीको निर्देशनमा जानकारी पठाइयो ।

- २० मे २०२३ मा संघका कार्यकारी अध्यक्ष डा बद्री केसीले गैरआवासीय नेपाली संघले उठाउँदै आएका अधिकांश विषयहरु नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रममा सम्बोधन गरेकोमा नेपाल सरकार प्रति हार्दिक आभार प्रकट गर्नुभयो ।

- २१ मे २०२३ का दिन संघको १५औं अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक सम्पन्न भयो । मुख्यतया स्मार्ट एनआरएनए अन्तर्गत सदस्यता वितरण, राष्ट्रिय महाधिवेशन, मनिटरिङ्ग समिति, निर्वाचन प्रक्रिया, युरोप क्षेत्रीय बैठकको प्रतिवेदन लगायतका सरोकारका विषयमा छलफल भई निर्णय भयो ।

- २१ मे २०२३ मा संघको महिला विभागको महिला स्वास्थ्य तथा शिक्षा कार्यदलको आयोजनामा उत्तर अमेरिका क्षेत्रीय "स्वास्थ्य सचेतना र सल्लाह" कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न भयो । मुख्यतया नेपालीहरुमा बढ्दै गएको स्वास्थ्य समस्या, आत्महत्या र अन्य विभिन्न कारण हुने बढ्दो क्रममा रहेको मृत्युदर लगायतको विषयमा छलफल भयो । उक्त कार्यक्रममा कार्यकारी अध्यक्ष डा बद्री केसी र अध्यक्ष कुल आचार्यको सहभागीता रह्यो ।

- गैरआवासीय नेपाली संघ, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, यूसेप नेपालमा र सानोठिमी, भक्तपुरस्थित न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपाल (यूसेप) का बीच सडकबाट उद्धार गरि नेपाल सरकारले व्यवस्थापन गरिरहेका बालबालिकाको सहयोगका लागि सहकार्य गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भयो । सम्झौतापत्रमा संघका तर्फबाट कार्यकारी अध्यक्ष डा बद्री केसी, राष्ट्रिय बाल अधिकार परिषद्की सदस्य सचिव इन्द्रादेवी ढकाल र न्यूनतम् सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम नेपाल (यूसेप) का निर्देशक केशव सुवालले हस्ताक्षर गर्नुभयो । उक्त सम्झौतापत्र अनुसार गैरआवासीय नेपाली संघले ५० जना बालबालिकालाई एक वर्षसम्म शिक्षा, स्वास्थ्य लगायतमा आवश्यक आर्थिक रकम उपलब्ध गराउनेछ । कार्यक्रममा महिला उपाध्यक्ष यास्मिन वेगम र महिला सचिव राधिका गुरुङ्गको सहभागीता रह्यो ।

- २७ - २८ मे २०२३ मा अमेरिकाज् क्षेत्रीय स्वास्थ्य सम्मेलन सम्पन्न भयो । अमेरिका, क्यानडा लगायत अमेरिकी क्षेत्रका करीब ५ सय बढी स्वास्थ्यकर्मी र सरोकारवाला सहभागी उक्त सम्मेलनमा संघका कार्यकारी अध्यक्ष डा बद्री केसी, अध्यक्ष कुल आचार्य र रबिना थापाले भर्चुअल माध्यमबाट सहभागिता जनाउनुभयो । सम्मेलनमा मुख्यतया स्वास्थ्य सम्बन्धि विषयमा छलफल भई घोषणापत्र जारी गरियो ।

- २९ मे २०२३ का दिन संघको १६औं अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक सम्पन्न भयो । मुख्यतया मिलाप, कर्मचारीको सुविधा लगायत अन्य सरोकारका विषयमा छलफल गरियो ।

- २९ मे २०२३ का दिन सम्पन्न भएको एनआरएन फाउण्डेशनको बैठकमा संघका कार्यकारी अध्यक्ष डा बद्री के.सी, अध्यक्षद्वय कुल आचार्य र रविना थापाको सहभागीता रह्यो । उक्त अवसरमा मुख्यतया फाउण्डेशनका गतिविधिहरुबारे छलफल भयो ।

- नेपाल सरकारका अर्थमन्त्री डा प्रकाशशरण महतले चालु संसदमा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/ ८१ को बजेटमा गैरआवासीय नेपाली संघले स्वागत गर्यो । गैरआवासीय नेपाली संघले पटक-पटक उठाउँदै आएका मागहरुलाई समेत सम्बोधन गरिएकोमा सरकारलाई धन्यवाद व्यक्त गरियो ।

- ३१ मे २०२३ का दिन सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले 'नेपाल नागरिकता ऐन, २०६३' लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेसँगै 'नेपालको संविधान २०७२' ले प्रदत्त गरेको आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सहितको 'गैरआवासीय नेपाली नागरिकता' प्राप्त गर्ने निश्चित भएको खुशीयालीमा भर्चुअल माध्यममार्फत शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भयो । संघका संस्थापक अध्यक्ष, उपेन्द्र महतो, पूर्व अध्यक्ष जीवा लामिछाने, पूर्व प्रमुख संरक्षक रामप्रताप थापा, नागरिकता निरन्तरता कार्यदलका प्रमुख तथा सदस्यहरु, तथा वर्तमान कार्यकारी अध्यक्ष डा बद्री केसी, अध्यक्ष कुल आचार्य, रबिना थापा सहित आइसीसी तथा एनसीसीका पदाधिकारी एवं गैरआवासीय नेपाली अभियन्ताहरुले शुभकामना व्यक्त गर्नुका साथै खुशी साटासाट गरे ।